# संचारिका
## फिचर सेवा

वर्ष १३, अङ्क २२ पुस/माघ January 2013

लिङ्गका आधारमा हुने हिंसालाई लैङ्गिक हिंसा भनिन्छ । र, नेपालमा लैङ्गिक हिंसा परापूर्वकालदेखि कायम छ । आर्थिक, सामाजिक र चेतनाका कारण महिला भएकै कारण धेरै महिला हिंसाको चपेटामा पर्ने गरेका छन् । महिलामाथि हुने हिंसाको सबैभन्दा पुरानो रूप घरेलु हिंसालाई मानिन्छ । घरैमा महिलामाथि हुने हिंसाका पनि अनेक स्वरूप छन् । यस्तो हिंसा कानुनी रूपमा बन्देज भए पनि पछिल्लो समय घरेलु हिंसाका ज्यादै क्रूर तस्बिरहरू आएका छन् । घरेलु हिंसा नियन्त्रण गर्न छुट्टै कानुन भए पनि त्यसको प्रभावकारी कार्यान्वयनको अभावमा महिला घरैमा पीडित हुने क्रम रोकिएको छैन ।

महिला र सञ्चारको क्षेत्रमा लामो समयदेखि कार्यरत सञ्चारिका समूहले स्थापनाकालदेखि नै लैङ्गिक हिंसाविरुद्धको अभियानलाई अघि बढाइरहेको छ । यो फिचरसेवा यही अभियानको एउटा हिस्सा हो ।

**महिलाको इतिहास मूलतः मौनताको इतिहास हो । हाम्रा धेरै आमा, हजुरआमाले आफ्‌माथि भएका अन्यायलाई चुपचाप सहे, हामी यसलाई तोडौँ !!**

# बालविवाहले बढाउँदै छ घरघरमा हिंसा

**रूपन्देहीका गुप्ता, ठहरे, कुर्मी, लोध, हरिजन, बाजिया, कलवार, पासी, पासवान, मौर्य, थारूलगायतका जातिमा बालविवाहको चलन बढी छ। जसले यी समुदायका ७० प्रतिशतभन्दा बढी बालबालिकालाई उमेर नपुग्दै विवाहमा बाँधिन बाध्य पारेको छ। सातदेखि १३ वर्षको उमेरभित्रै विवाहबन्धनमा बाँधिएका धेरै बालिका विवाहको अर्थ पनि बुझ्दैनन्। उनीहरू बिहे किन भयो जान्दैनन्। कोसँग विवाह भएको हो भन्ने जानकारी पनि उनीहरूलाई छैन।**

**अमृता अनमोल**

रूपन्देहीको सेमरा मर्चवार- ३ की विद्यालक्ष्मी सानैदेखि पढाइमा तेज थिइन्। छोरीलाई धेरै पढाउने र शिक्षक बनाउने चाहना थियो उनकी आमाको। तर, समयले साथ दिएन। पाँच कक्षा पढ्दापढ्दै बाह्र वर्षको उमेरमा विद्यालक्ष्मीको बिहे भयो। बिहेपछि पढाइ छोडेकी यी कलिली बालिका अहिले आमासँग घरधन्दाको काम सिक्दै छिन्। 'छोरीलाई बीचमै पढाइ छुटाएर बिहे गर्ने मन थिएन,' विद्यालक्ष्मीकी आमा रामरतिले गुनासो गरिन्, 'तर, छोरीलाई पढाएर हुर्केपछि बिहे गर्दा दिने दाइजो मसँग थिएन। त्यसैले बाध्य भएर बिहे गरिदिएँ।' उनका भनाइमा पढेकी र बढेकी छोरी बिहे गर्दा पढेको ज्वाइँ खोज्नुपर्छ। बिहेमा उसले मागेजति दाइजो दिनुपर्छ भन्ने डर प्रस्ट देखिन्थ्यो। 'दाइजोको डरले बिहे त गरिदिएँ तर सानैमा पतिको घर पठाउँदा उसले भोग्नुपर्ने समस्या सम्झँदा मन अमिलो भएको छ,' रामरतिले सुनाइन्।

मर्चवारकै शिवप्रसाद हरिजनले पनि ६ कक्षा पढ्दै गरेकी १३ वर्षीया छोरीको तीन महिनाअघि बिहे गरिदिए। केटा पाइँदैन कि भन्ने डरले सानैमा छोरीको बिहे गरेको उनले बताए। 'छोरी हुर्कंदै जाँदा आफन्तले कुरा काट्न थाले। माग्न आउने आफन्त पनि पातलिन थाले,' उनले भने, 'त्यसैले छोरीको बिहे सानैमा गरिदिएँ।' लोकलाज र दाइजोबाट बच्न खोज्दाखोज्दै पनि बिहेमा दुई लाख रुपैयाँ दाइजोका लागि खर्चेको शिवप्रसादले बताए।

छोरीको सानैमा बिहे गरिदिए पुन्य कमाइने धार्मिक विश्वास छ। त्यसमाथि पढाइका लागि धेरै लगानी गर्नु नपर्ने र दाइजो पनि कम दिए पुग्ने व्यावहारिक कारणले रूपन्देहीका केही समुदायमा अझै पनि बालविवाह गर्ने चलन छ। यही चलन मान्ने रामरति र शिवप्रसादजस्ता अभिभावकका कारण धेरै बालिका बाल्यावस्था पूरा नगर्दै बिहेको बन्धनमा बाँधिन विवश छन्। रूपन्देहीका गुप्ता, ठहरे, कुर्मी, लोध, हरिजन, बाजिया, कलवार, पासी, पासवान, मौर्य, थारूलगायतका जातिमा बालविवाहको चलन बढी छ। जसले यी समुदायका ७० प्रतिशतभन्दा बढी बालबालिकालाई उमेर नपुग्दै विवाहमा बाँधिन बाध्य पारेको छ। सातदेखि १३ वर्षको उमेरभित्रै विवाहबन्धनमा बाँधिएका धेरै बालिका विवाहको अर्थ पनि बुझ्दैनन्। उनीहरू बिहे किन भयो जान्दैनन्। कोसँग विवाह भएको हो भन्ने जानकारी पनि उनीहरूलाई छैन। 'चार कक्षामा पढ्दै गर्दा पोहोर बिहे भयो,' बिहेपछि माइतीघरमै बस्दै आएकी १३ वर्षीया रायपुर- ३ की वौना रैदासले भनिन्, 'बिहे भएपछि के गर्ने पनि थाहा छैन। केटाको नाम पनि थाहा छैन। बिहेचाहिँ भारतको फुलबनियामा भएको हो रे।'

उसो त पछिल्लो समयमा तराईका समुदायमा छोरीलाई पढाउनुपर्छ भन्ने चेतना नजागेको पनि होइन। बालविवाह गर्न नहुने कुरा पनि केही जान्दै गएका छन्। तर, बढ्दै गएको दाइजोको प्रचलनले शिक्षितमा पनि बालविवाह रोकिन सकेको छैन। मधेसमा दुलाहाको पढाइ र पेसाअनुसार विवाहमा दाइजो दिने चलन छ। दुलाहा इन्जिनियर भए १५ लाख रुपैयाँभन्दा बढी रकमको दाइजो माग हुन्छ। बेरोजगार केटासँग विवाह गर्न पनि एक लाख रुपैयाँसम्म नगद दाइजो र उसले रोजेको सवारी दिनैपर्ने किटान हुन्छ। महिला अधिकारकर्मी विजयालक्ष्मी राय भन्छिन्, 'सानैमा छोरीको बिहे गर्दा त दुलाहा पनि सानै हुन्छ। उसको माग धेरै हुँदैन। त्यसैले धेरै अभिभावक छोरीलाई पढाएर बिहेको खर्च बढाउन खोज्दैनन्। बरु सानैमा बिहे गरेर पठाउँछन्।' बालविवाह हुने भनेर चिनिने रूपन्देहीको सिलौटिया गाविसका सचिव शैलेन्द्र मिश्राले बालिका र किशोरको विवाह बढी हुने बताए। 'कानुन बनेर मात्र हुँदैन, शिक्षित भएर पनि हुँदैन,' उनले भने, 'दाइजोको मोलमोलाइ हुने चलन नरोकिएसम्म बालविवाह रोकिने छाँट देखिँदैन।'

**नेपालको कानुनमा बालविवाहलाई गैरकानुनी मानिएको छ। कुनै बाबुआमाले आफ्ना छोराछोरीको १८ वर्ष नपुगी बिहे गराए भने उनीहरूलाई सजायको व्यवस्था छ। तर पनि रूपन्देहीका केही गाउँमा बालविवाहले अझै पनि संस्कारकै रूपमा मान्यता पाइराखेको छ। कसैले धर्म त कसैले प्रतिष्ठाका रूपमा आफ्ना अबोध बालबालिकाको विवाह गराइरहेका छन्।**

नेपालको कानुनमा बालविवाहलाई गैरकानुनी मानिएको छ। कुनै बाबुआमाले आफ्ना छोराछोरीको १८ वर्ष नपुगी बिहे गराए भने उनीहरूलाई सजायको व्यवस्था छ। तर पनि रूपन्देहीका केही गाउँमा बालविवाहले अझै पनि संस्कारकै रूपमा मान्यता पाइराखेको छ। कसैले धर्म त कसैले प्रतिष्ठाका रूपमा आफ्ना अबोध बालबालिकाको विवाह गराइरहेका छन्। यो कुरा प्रहरीको खबरमा नआएको पनि होइन। तर, विवाहको उजुरी नै नआएपछि त्यस क्षेत्रमा काम गर्न नसकेको जिल्ला प्रहरी कार्यालयको महिला तथा बालबालिका सेवा केन्द्रका प्रमुख प्रहरी नायव निरीक्षक रामबहादुर खत्री बताउँछन्।

पछिल्लो जनगणना ०६८ अनुसार एक लाख ३८ हजार १५ नेपालीले १० वर्ष नपुग्दै बिहे गर्ने गरेका छन्। जसमा बालकभन्दा बालिका बिहेको अनुपात झन्डै पाँच गुणा बढी छ। सङ्ख्यात्मक रूपमा दश वर्ष नपुग्दै बिहे गर्नेमा एक लाख १५ हजार एक सय ५० महिला छन्। यस्तै १० देखि १४ वर्षको उमेर समूहमा १३ लाख ६३ हजार एक सय सातजनाले विवाह गरेका छन्। यसमा पनि ११ लाख एक हजार आठ सय ८५ महिला छन्। यस्तै, ४३ लाख ४० हजार पाँच सय महिलाको बिहे १५ देखि १९ वर्ष उमेरमा भएको छ। नेपालको कानुनले बालविवाहलाई निषेध गरेको छ। त्यसलाई कार्यान्वयन गराउन, बिहेबारी २० वर्षपारि भनेर विभिन्न राष्ट्रिय कार्यक्रमसमेत गऱ्यो। तैपनि बालविवाह रोकिएको छैन। तराई मधेसका समुदायमा रहेको यो चलनबाट बालकभन्दा बालिकामा बढी पीडित छन्। जनगणनाको यो तथ्याङ्कले बालअधिकारसम्बन्धी नेपालले बनाएका राष्ट्रिय कानुन र प्रतिबद्धता जनाएका अन्तर्राष्ट्रिय सन्धि-महासन्धिको खिल्ली उडाएको अधिवक्ता सूर्य अधिकारी बताउनुहुन्छ। कानुन बनाउने तर त्यसको कार्यान्वयन गर्ने पाटोलाई बलियो नबनाउँदा यो समस्या देखिएको उहाँको विश्लेषण छ। अधिवक्ता सूर्य अधिकारी भन्नुहुन्छ, 'बालविवाह रोक्न कानुन बनाएर मात्र पुग्दैन, त्यसको व्यावहारिक पालनामा शिक्षा तथा चेतना फैलाउन सबैले अभियान थाल्नुपर्छ।'

*संचारिका फिचर सेवा*

*(अमृता रूपन्देहीमा कार्यरत पत्रकार हुन्।)*

# अधिकार खोज्दै मुस्लिम महिला

**नेपालमा बढी बच्चालाई जन्म दिएकै कारण महिलामा पाठेघर खस्नेलगायतका प्रजनन स्वास्थ्यसँग सम्बन्धित समस्या आउने गरेका छन् । महोत्तरीको जिल्ला स्वास्थ्य कार्यालयद्वारा गत वर्ष गरिएको पाठेघरको उपचारसम्बन्धी निःशुल्क शिविरमा यस्तो समस्या लिएर अत्यधिक मुस्लिम महिला आएका थिए । यसअघि मुस्लिम महिलामा पाठेघर खस्ने समस्या यति धेरै होला भनेर अनुमान गरिएको थिएन ।**

**राकेश चौधरी**

जलेश्वरकी ६५ वर्षीया सेखरा खातुन (परिवर्तित नाम) धार्मिक कानुनको घेरा तोड्न सफल भएकी छिन् । तर, यो सफलता उनको परिवारभित्र मात्र सीमित छ । मुस्लिम समुदायमा प्रचलित धार्मिक कानुनबमोजिम परिवार नियोजनका लागि स्थायी बन्ध्याकरण गराउने महिलाका लागि धार्मिक तथा सामाजिक कार्यमा सहभागिता हुन दिइँदैन । उनी यही कानुनी घेरालाई तोडी धार्मिकस्थल मक्कामदिनामा हज सकेर आएकी छिन् ।

सेखराजस्तै धेरै महिलाले यस किसिमको धार्मिक कानुनी घेरा तोड्न थालेका छन् । यो कुराको सुराक धार्मिक गुरुहरूले पाएको भए धार्मिक कारबाही तथा जरिवाना हुनेमा शङ्का देखिँदैन । तर, यस्ता कुरा किन भन्नुपर्‍यो र ? सुखी परिवार र आफ्नो स्वास्थ्यका लागि आफ्नो श्रीमान् र परिवारले कुरा बुझिदिए त भइहाल्यो नि । समाज भन्ने कुरा त आफू राम्रो भए आफूसँग हुने हो भन्ने कुरा महिलाले बुझ्न थालेका छन् ।

अवकाशप्राप्त प्रधानाध्यापक समसुद्दिन अन्सारीका अनुसार धर्ममा नै परिवार नियोजन नगराउनु तथा रोक्नसमेत कुनै साधनको प्रयोग नगर्नु भनिएको छ । शरीर सक्षम भएसम्म बच्चालाई जन्म दिइरहनु नै धर्मको वास्तविक पालना हो । उनको विचारमा धर्मको पालना महिला र पुरुष दुवैले गर्नु आवश्यक छ ।

नेपालमा बढी बच्चालाई जन्म दिएकै कारण महिलामा पाठेघर खस्नेलगायतका प्रजनन स्वास्थ्यसँग सम्बन्धित समस्या आउने गरेका छन् । महोत्तरीको जिल्ला स्वास्थ्य कार्यालयद्वारा गत वर्ष गरिएको पाठेघरको उपचारसम्बन्धी निःशुल्क शिविरमा यस्तो समस्या लिएर अत्यधिक मुस्लिम महिला आएका थिए । यसअघि मुस्लिम महिलामा पाठेघर खस्ने समस्या यति धेरै होला भनेर अनुमान गरिएको थिएन ।

फुलहटा गाउँकी ३२ वर्षीया रमिना खातुन आफ्नै ससुराको सद्गतमा सहभागी हुन पाइनन् । परिवार नियोजनका लागि स्थायी बन्ध्याकरण गराएकै कारण उनलाई उक्त कर्ममा सहभागी हुनबाट स्थानीय धर्मगुरु एवम् परिवारकै सदस्यले रोक लगाएका थिए । यो धार्मिक कानुनको उल्लङ्घन गर्नेको सङ्ख्या एकदमै न्यून रहेको छ । धार्मिक रीतिरिवाज र सांस्कृतिक कार्यबाटै अलग गरिदिने भएका कारण महिला परिवार नियोजन गर्ने या अस्थायी साधन प्रयोग गर्ने दुस्साहस गर्न सक्दैनन् न त वर्षेनी बच्चा जन्माउने इच्छा नै उनीहरूमा हुन्छ । तर, एकपल्ट अचम्मै भयो, सोही गाउँमा यस्तो बन्देजलाई एक महिलाले चुनौती दिइन् । गाउँ, समाजले उनको कुरा काटे पनि कुनै कारबाही तथा जरिवाना गरिएन । स्थानीय मौलवीका अनुसार धर्म नमान्नेलाई केही भन्न नसकिने अवस्था आइसकेको छ, धर्ममा जे लेखिएको छ त्यसको पालनाका लागि आग्रहसम्म गर्ने हो ।

जलेश्वरलगायत गाउँघरमा आयोजना हुने परिवार नियोजन स्थायी बन्ध्याकरण शिविरमा दशमध्ये एक महिला मुस्लिम रहने गरेको जिल्ला स्वास्थ्य कार्यालय परिवार नियोजन शाखाका अधिकृत वीरेन्द्र तिवारीले बताए । स्थायी बन्ध्याकरणका लागि आउनेहरूका दुईभन्दा बढी सन्तान रहने गरेका छन् । तर, महिलाले सकेसम्म आफ्नो नाम र ठेगाना परिवर्तन गराएर लेखाउने गरेको पनि उनले बताए ।

परिवार नियोजनकै अन्य साधनहरू चक्की, तीनमहिने सुई, कपर टी लोग्नेको अनुमतिमै परिवारका ज्येष्ठ सदस्यहरूबाट लुकेरै प्रयोग गर्नुपर्ने बाध्यता रहेको छ । जलेश्वरका औषधि व्यवसायी सत्रुधन गामीले भने, 'मुस्लिम महिलाले परिवार नियोजनका साधनहरू किनेर लग्ने गरेका छन्, तर किन्न आउँदा असाध्यै अप्ठ्यारो मान्छन्, कसैले देख्ला कि भन्ने डर पनि उनीहरूलाई त्यत्तिकै भएको देखिन्छ ।'

नेपालका मुस्लिम समुदायले फतिया (इस्लामिक कानुन)को कानुनी माग गरिरहेकाले धार्मिक कानुन अझ कठोर हुने अनुमान गरिएको छ। फतियाले कानुनी रूप नलिए पनि तलाक, परिवार नियोजन गराएबापत धार्मिक तथा सामाजिक कार्यमा रोक लगाइने गरिएको छ।

समाज विकास केन्द्रका अध्यक्ष नइम अन्सारी मौलिक कानुन हनन गरिने किसिमको कुनै धार्मिक कानुनलाई पालना गर्न आमसमुदाय हिचकिचाउने गरेको बताउँछन्। स्थायी बन्ध्याकरण गराउँदै हज गर्न नसकिने परम्परा पनि महिलाले तोड्न थालेका छन्। सद्गत तथा धार्मिक कार्यमा सहभागी हुने समान अवसरको माग गरेर अगाडि बढ्न थालेका छन्। उनले समाजको गति हेरेर पनि धार्मिक तथा राष्ट्रिय कानुनको संशोधन हुनु अहिलेको आवश्यकता रहेको बताए।

**परिवार नियोजनकै अन्य साधनहरू चक्की, तीनमहिने सुई, कपर टी लोग्नेको अनुमतिमै परिवारका ज्येष्ठ सदस्यहरूबाट लुकेरै प्रयोग गर्नुपर्ने बाध्यता रहेको छ। जलेश्वरका औषधि व्यवसायी सत्रुधन गामीले भने, 'मुस्लिम महिलाले परिवार नियोजनका साधनहरू किनेर लग्ने गरेका छन्, तर किन्न आउँदा असाध्यै अप्ठ्यारो मान्छन्, कसैले देख्ला कि भन्ने डर पनि उनीहरूलाई त्यत्तिकै भएको देखिन्छ।**

नेपालको अन्तरिम संविधान २०६३ मा मौलिक हकअन्तर्गत समानताको हक, महिलाको हक, शोषणविरुद्धको हकलगायतका छन्। महिलाको हकअन्तर्गत प्रत्येक महिलालाई प्रजनन स्वास्थ्य तथा प्रजननसम्बन्धी हक हुने कुरा उल्लेख छ। त्यही धर्मसम्बन्धीको हकमा प्रत्येक व्यक्तिलाई प्रचलित सामाजिक एवम् सांस्कृतिक परम्पराको मर्यादा राखी परापूर्वदेखि चलिआएको आफ्नो धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने हक हुने व्यवस्था छ।

अधिवक्ता विकरू यादव भन्छन्, 'धर्मसम्बन्धीको हकमा महिलामाथि हिंसा तथा धार्मिक कार्यमा कुनै किसिमको वञ्चितीकरण गर्ने धार्मिक परम्परा प्रचलनबाट हटाउनुपर्ने स्पष्ट रूपमा समावेश गरिनुपर्छ।' धेरै बच्चा जन्माउने कुरा महिलाको स्वास्थ्यसँग प्रत्यक्ष जोडिएको कुरा हो। धर्म, परम्परा र संस्कृतिको सम्मान गर्दै महिला आफ्नो अधिकारलाई उपयोग गर्न चाहन्छन्। एक मुस्लिम वृद्धाले भनिन्, 'हाम्रो पालामा चेतना थिएन, परिवार नियोजनका साधन पनि थिएनन्, धेरै बच्चा जन्मायौं, दुःख पायौं, धेरै भएकाले छोराछोरीलाई राम्रो स्याहारसुसार पनि गर्न पाएनौं। अब त धेरै परिवर्तन आइसकेको छ। हामीले पाएको दुःख हाम्रा छोरी-बुहारीले किन पाउने ?'

*संचारिका फिचर सेवा*

*(राकेश महोत्तरीमा कार्यरत पत्रकार हुन्।)*

# श्रीमान्को पारिश्रमिक श्रीमतीको खातामा

**चीनमा अध्ययन गरिरहेका नेपाली विद्यार्थी रूपक सापकोटा भन्छन्, 'चीनमा केटाकेटीबीचको आपसी प्रेमलाई अभिभावकले मन नपराए पनि बिहे गर्न पाउने कानुन बनेको छ। त्यसका लागि केटी २० वर्ष र केटा २२ वर्ष उमेर भएको हुनुपर्छ। त्योभन्दा कम उमेरका केटाकेटीले बिहे गरेमा बिहे दर्ता हुँदैन र उनीहरूबाट जन्मिएको बच्चा दर्ता पनि हुँदैन।'**

**रेवती सापकोटा**

नेपालको उत्तरी छिमेकी मुलुक चीनको सेन्जेनमा मुख्यालय रहेको चाइना मर्चेन्ड बैंक (सीएमबी)ले पुरुष ग्राहकको खातामा जम्मा हुने तलबसहित सबै आम्दानी उनीहरूका श्रीमतीको खातामा स्वतः स्थानान्तरण हुने नयाँ योजना ल्याएको छ। पुँजी सञ्चय गर्ने प्रभावकारी सेवा भन्दै विवाहित जोडीका लागि समय र ऊर्जा जोगाउने बचतको राम्रो

उपाय भनिएको सीएमबीको योजना महिलाका लागि बरदान सावित भएको छ ।

अमेरिकापछि दोस्रो ठूलो अर्थतन्त्रको चीनलाई समृद्ध बनाउन महिलाको पनि योगदान रहे पनि सीएमबीको योजना आफूहरूका लागि निकै ठूलो धक्का हुने पुरुषले ठानेका छन् । सो योजनाले एकातिर 'पुरुषविरुद्ध ल्याइएको अहिलेसम्मकै सबैभन्दा नृशंस बैङ्किङ सेवा'को संज्ञा पाएको छ । अर्कोतिर विवाहमा उपहारस्वरूप आउने रकम जम्मा गर्न, भविष्यमा परिवार व्यवस्थापनमा गरिने खर्चको सञ्चित गर्न सामान्यभन्दा बढी ब्याजदर तोकेर ल्याइएको योजना नवदम्पतीलाई प्रसूति समस्या समाधान गर्नमा महत्वपूर्ण औजार हुने विश्लेषण गरिएको छ । परम्परागत रूपमा चीनमा घरेलु वित्तीय व्यवस्थापन गर्ने जिम्मेवारी महिलाको भए पनि आधुनिकता र खुलापनले त्यो परम्परामा परिवर्तन आएको छ । त्यसैले विवाहको मौसममा ल्याइएको सो योजनाले आर्थिक रूपमा स्वतन्त्रता खोज्ने चिनियाँ युवाको आक्रोशको सामना गर्नुपरेको छ ।

चीनमा महिलाले पुरुषसँग सम्बन्धविच्छेद गरेमा आधा अंश लिएर जान पाउने पुरानो चलनलाई एक वर्षअघि परिवर्तन गरिएपछि अहिले बिहे गर्दा केटाको जति सम्पत्ति छ त्यो सम्पत्ति सम्बन्धविच्छेद गर्दा पनि केटीलाई दिनु नपर्ने व्यवस्था गरिएको छ । 'बिहेपछि आर्जन गरेको सम्पत्ति मात्र सम्बन्धविच्छेद गर्दा आधाआधा गर्ने नीति बनाइएको छ,' चीनमा अध्ययन गरिरहेका नेपाली विद्यार्थी रूपक सापकोटा भन्छन्, 'चीनमा केटाकेटीबीचको आपसी प्रेमलाई अभिभावकले मन नपराए पनि बिहे गर्न पाउने कानुन बनेको छ । त्यसका लागि केटी २० वर्ष र केटा २२ वर्ष उमेर भएको हुनुपर्छ । त्योभन्दा कम उमेरका केटाकेटीले बिहे गरेमा बिहे दर्ता हुँदैन र उनीहरूबाट जन्मिएको बच्चा दर्ता पनि हुँदैन ।'

दुई करोड ३० लाख चिनियाँ नागरिक सन् २०१२ मा गरिबीको रेखाबाट माथि उठेका छन् । चीनको राष्ट्रिय तथ्याङ्क विभागले करिब नौ करोड ९० लाख घरबाट सङ्कलन गरेको तथ्याङ्कअनुसार ग्रामीण इलाकाका करिब दुई करोड ३० लाख नागरिक गरिबीको रेखाबाट माथि उठेका छन् । पछिल्लो तीन दशकमा चीनले ३० करोडभन्दा बढी आफ्ना नागरिकलाई गरिबीको रेखाबाट माथि उठाएको छ । त्यो प्रगतिमा महिलाको योगदानलाई चिनियाँ नीति-निर्माताहरूले स्वीकार गरेका छन् । चीनका लागि नेपालका पूर्वराजदूत टंक कार्कीका अनुसार माओत्सेतुङको विचार, देङ सियाओ पेङको सिद्धान्त, युवा, प्रौढ र वरिष्ठजस्ता तीन प्रतिनिधिसम्बन्धी सिद्धान्त, विकाससम्बन्धी वैज्ञानिक अवधारणाले चीनको विकासको प्रगतिशील अवस्थाका अवधारणा अभिव्यक्त गर्छन् । चिनियाँ संस्कृतिलाई कन्फ्युसियसको सामाजिक सद्भाव, बुद्धको अहिंसा र पछिल्लो समयमा मार्क्सको समाजवादले अनुप्राणित गरेको कार्कीको बुझाइ छ ।

**चीन र नेपालमा बैंकहरूले महिला अधिकारका पक्षमा एकै प्रकृतिका योजना ल्याए पनि चीन र नेपालका महिलाको अवस्था फरक छ । नेपालका लागि चीनका कार्यवाहक राजदूत वाङ लिसिन भन्छिन्, 'नजिकको छिमेकी नेपाल-चीनको मैत्रीपूर्ण सम्बन्धले एक-अर्काले अनुभव आदान-प्रदान गरेर पनि राम्रा पक्ष सिक्न सक्ने अवस्था छ ।'**

संविधानअन्तर्गत महिलाको हकहित सुनिश्चितता ऐन, निजामती ऐन, फौजदारी कानुन, निर्वाचन ऐन, श्रम ऐन, विवाह ऐन, जनसङ्ख्या तथा परिवार नियोजन ऐन, खेतजग्गा ठेक्का ऐन चीनका पुरुष र महिलाबीच समानता कायम गर्नमा केन्द्रित छन् । सन् १९९२ को अप्रिलमा जनगणतन्त्र चीनका महिलाको हकहितको सुनिश्चितता ऐन सार्वजनिक भएदेखि चिनियाँ राष्ट्रिय जनकाङ्ग्रेसको स्थायी समितिले महिलाको हकहितको संरक्षण गर्ने विषयसित सम्बन्धित १२ वटा ऐन र दुईवटा निर्णय गरेको थियो । त्यतिबेला चीनले निर्वाचन ऐन, फौजदारी ऐन, विवाह ऐनलगायत सातवटा ऐन संशोधन गरेको थियो । चीनको राज्यपरिषद्ले महिलाको हकहितको संरक्षण गर्ने कुरासित सम्बन्धित रहेका सात थान प्रशासनिक नियमको तर्जुमा गरेको थियो भने सम्बन्धित विभागले आ-आफ्ना कामसित सम्बन्धित ९८ थान नियम तर्जुमा गरेको थियो । विभिन्न प्रान्त, स्वायत्त प्रदेश र सहरहरूले पनि महिलाको हकहितको सुनिश्चितता ऐनलाई व्यवहारमा उतार्ने पद्धति बनाएका छन् ।

चिनियाँ महिलालाई राजनीतिक, आर्थिक, सामाजिक र पारिवारिक क्षेत्रमा पुरुषसरह अधिकार दिलाउनु मात्र नभई यिनीहरूको विशेष अधिकारको सुरक्षा गर्ने कार्यलाई चीनले आधारभूत मानवअधिकार सुरक्षालाई महत्वपूर्ण बनाएको छ । चिनियाँ कम्युनिस्ट पार्टीको नेतृत्वमा सन् १९४९ मा गठन भएको अखिल

चीन महिला सङ्घको महिला हकहितको संरक्षण, तिनीहरूको अधिकारको सुरक्षा, पुरुषसमान अधिकारका लागि पहल गर्नु मुख्य जिम्मेवारी हो । सङ्घको अग्रसरतामा महिलाको प्रगति र विकासका लागि राजनीतिक तथा कानुनी प्रत्याभूति पनि गरेको छ ।

नेपालमा पनि २५ हजार रुपैयाँमा खोलिने खाताका लागि वार्षिक सात दशमलव ७५ प्रतिशत ब्याज दिने गरी ज्योति विकास बैंकले नवदम्पतीका लागि ज्योति दम्पती बचत खाताको योजना ल्याएको छ । ज्योति दम्पती बचत योजनामा एक लाख रुपैयाँसम्म न्यूनतम मौज्जादमा आठ दशमलव पाँच प्रतिशत ब्याज दिने घोषणा गरिएको छ । एक वर्षसम्मका लागि सात दशमलव ७५ र एक वर्षभन्दा बढी अवधिका लागि आठ प्रतिशत ब्याज दिने गरी किष्ट बैंकले नरनारी निक्षेप-२ योजना ल्याएको छ । दुई हजार पाँच सय रुपैयाँमा खाता खोल्न सकिने परिवार बचत खातामा मासिक पाँच सय रुपैयाँ बचत गरेमा ५० हजार रुपैयाँसम्मको दुर्घटना बिमा पाइने गरी नेपाल इन्भेष्टमेन्ट बैंकले अर्को योजना ल्याएको छ । सो बैंकको योजना भने आफूलाई चित्त नबुझेमा ईजी सेभिङ र साधारण बचत योजनाजस्ता अन्य खातामा पनि बचत रकम सार्न पाउने व्यवस्था छ । विवाहको मौसममा एक दर्जनभन्दा बढी बैंक तथा वित्तीय संस्थाले विवाहलक्षित निक्षेप योजना ल्याएका छन् ।

चीन र नेपालमा बैंकहरूले महिला अधिकारका पक्षमा एकै प्रकृतिका योजना ल्याए पनि चीन र नेपालका महिलाको अवस्था फरक छ । नेपालका लागि चीनका कार्यवाहक राजदूत वाङ लिसिन भन्छिन्, 'नजिकको छिमेकी नेपाल-चीनको मैत्रीपूर्ण सम्बन्धले एक-अर्काले अनुभव आदान-प्रदान गरेर पनि राम्रा पक्ष सिक्न सक्ने अवस्था छ ।'

घरेलु हिंसापीडित महिलाका लागि आर्थिक सुरक्षाका लागि सीएमबीले ल्याएको योजना नेपालमा निकै उपयोगी हुनेछ । जुवा, तास र रक्सीमा पैसा सिध्याउने पुरुषको पारिश्रमिक महिलाको बैंकखातामा स्थानान्तरण गर्ने व्यवस्था गर्ने हो भने पीडित महिलाले राहत पाउने दिन टाढा हुनेछैन । त्यस्ता पुरुष पनि सामाजिक र पारिवारिक दायित्वमा बाँधिनेछन् र उनीहरूको पारिवारिक वातावरण पनि सहज हुनेछ ।

*संचारिका फिचर सेवा*

*(सापकोटा अन्नपूर्णपोष्ट दैनिकमा कार्यरत पत्रकार हुन् ।)*

# बढ्दो सम्बन्धविच्छेद

**राष्ट्रिय महिला आयोगमा पनि साउनदेखि यता सम्बन्धविच्छेद गर्न ११ वटा मुद्दा परेका थिए । जसमा दुई जोडी त चिकित्सककै थिए । श्रीमान्-श्रीमती दुवै चिकित्सक भए पनि उनीहरूबीच सामान्य कुरामा विवाद भई आयोगमा उजुरी परेको आयोगकी प्रवक्ता मोहना अन्सारीले बताइन् । उनी भन्छिन्, 'श्रीमान्-श्रीमतीबीच यति ठूलो अविश्वासको खाडल बढेको छ कि साना-साना कुरा पनि सम्बन्धविच्छेदको स्तरमा गएर टुङ्गिने गरेका छन् ।' उनको बुझाइमा घरको नेतृत्व कसको हुने, वैदेशिक रोजगार र सम्पत्तिमा स्वामित्वको दाबीजस्ता कुराले सम्बन्धमा दरार ल्याइरहेको छ ।**

**शङ्करप्रसाद खनाल**

● *काठमाडौंकी २३ वर्षीया सिताष्मा (नाम परिवर्तन) ले विवाह गरेको तीन महिनामा नै श्रीमान्सँग सम्बन्धविच्छेद गरिन् । बिहे दुई परिवारबीच सौहार्दपूर्ण रूपमा भएको थियो । बिहे भएको छोटो समयमै सम्बन्धविच्छेद गर्ने कारण बन्यो- श्रीमान्को अप्राकृतिक यौनसम्पर्क । सम्बन्धविच्छेद गर्ने कारणबारे उनले न्यायाधीशसँग भनेकी थिइन्, 'नीलो चलचित्र हेर्दै दिनहुँ त्यहीअनुरूप म लोग्नेको चाहना पूरा गर्न सक्दिनँ । अब त सँगै बस्न सक्ने अवस्थै रहेन ।'*

● *गोरखा घर भए पनि सुरक्षा निकायमा अधिकृतस्तरको श्रीमान् पाउँदा काठमाडौंकी हरिसा ( नाम परिवर्तत) खुसी नै थिइन् । घरमा नयाँ सदस्यको रूपमा छोरी जन्मिँदा पनि परिवारमा कुनै समस्या*

*थिएन। जब हरिसाले अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामा राम्रो जागिर पाइन्। त्यसपछि उनको श्रीमान्‌को भन्दा धेरै तलब हुन थाल्यो। घरका सामानहरू किन्दा श्रीमान्-श्रीमतीबीच झगडा नै हुन थाल्यो। उनीहरूको यो झगडा कहिल्यै जोडिन नसक्ने गरी सम्बन्धविच्छेदमा गएर टुङ्गियो।*

जिल्ला अदालत काठमाडौंबाट भएका यी दुईवटै सम्बन्धविच्छेदको प्रत्यक्ष साक्षी बनेकी थिइन्- अधिवक्ता पुन्यशिला दवाडी। महिलालाई निःशुल्क रूपमा कानुनी सहायता दिइरहेको ललितपुरको कानुनी सहयोग तथा परामर्श केन्द्र (ल्याक) की कानुन अधिकृत दवाडीका अनुसार पछिल्लो समय सम्बन्धविच्छेद गर्न कुनै ठूलो इस्यु नै चाहिँदैन। नयाँ पुस्ताका युवायुवतीले समाधान हुने सामान्य खालका कुरामा मिल्न नसकेर सम्बन्धविच्छेद गरिरहेका छन्। उनी सम्बन्धविच्छेदका कारणबारे भन्छिन्, 'पहिलो कारण महिलामा आएको चेतनास्तर हो। उनीहरू आफ्ना अधिकारबारे सचेत भएका छन्। दोस्रो कारण श्रीमान्-श्रीमतीबीचको 'इगो'को समस्या हो भने अर्को कारण घरेलु हिंसा हो।'

सिताष्मा र हरिसा त प्रतिनिधि महिला मात्र हुन्। पछिल्लो समय देशैभरि दाम्पत्यजीवनमा बेमौसममा पहिरो गएझैं ठूलो सङ्ख्यामा सम्बन्धविच्छेदका घटना बढेका छन्। विगत पाँच वर्षको तथ्याङ्कलाई मात्र आधार मान्ने हो भने अहिले झन्डै दोब्बर छ। आर्थिक वर्ष ०६३/६४ मा देशभर तीन हजार आठ सय १९ सम्बन्धविच्छेदका मुद्दा रहेकोमा आर्थिक वर्ष ०६८/०६९ मा पुग्दा सात हजार एक सय ५७ पुगेको छ। यो तथ्याङ्कले वर्षेनी साढे नौ प्रतिशतका दरले सम्बन्धविच्छेद बढेको देखाउँछ। त्यसो त देशभरको कुल सम्बन्धविच्छेदको सङ्ख्या काठमाडौंमा एकचौथाइ छ। काठमाडौंमा आर्थिक वर्ष ०६८/६९ मा मात्र एक हजार सात सय ४५ वटा सम्बन्धविच्छेदका मुद्दा दर्ता भएको देखिन्छ। यो तथ्याङ्क देशभरको साढे २४ प्रतिशत हो। काठमाडौंमा सम्बन्धविच्छेदको दर हरेक वर्ष साढे १० प्रतिशतले वृद्धि हुँदै गएको छ।

**लोग्नेले अर्की स्वास्नी ल्याएमा वा राखेमा वा स्वास्नीलाई घरबाट निकालेमा वा खान, लाउन नदिएमा वा स्वास्नीको खोजखबर नलिई हेरविचार नराखी लगातार तीन वर्ष वा सोभन्दा बढी समयदेखि स्वास्नीलाई छोडी अलग बसेको अवस्थामा महिलाले सम्बन्धविच्छेद गर्न पाउने व्यवस्था छ। स्वास्नीको ज्यान जाने, अङ्गभङ्ग हुने वा अरू कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको काम वा जाल, प्रपञ्च गरेमा वा लोग्ने नपुङ्सक हुने भएमा पनि सम्बन्धविच्छेद हुन सक्छ। यसबाहेक दुवै थरीको मञ्जुरी भएमा लोग्ने-स्वास्नीको सम्बन्धविच्छेद गर्न सकिने प्रावधान कानुनमा छ।**

काठमाडौं जिल्ला अदालतका स्रेस्तेदार भरत लम्सालका अनुसार अदालतमा हेरचाह गरेन, खान-लगाउन दिइएन, यातना दिए, घरबाट निकालेजस्ता घरेलु हिंसाका कारण सम्बन्धविच्छेद गर्न आउनेको सङ्ख्या बढी छ। दुवै पक्षको मञ्जुरी भएर आए आज दर्ता गरिएको मुद्दामा भोलि नै मिलापत्र भएर टुङ्गिने लम्सालले बताए। 'छिटो सम्बन्धविच्छेद चाहनेले मिलापत्रबाट अंश नै दाबी गर्दैनन्,' स्रेस्तेदार लम्सालले भने, 'कतिले त लेनदेनका सबै कुरा मिलाएर पनि छिटो सम्बन्धविच्छेद गर्ने गरेका छन्।'

राष्ट्रिय महिला आयोगमा पनि साउनदेखि यता सम्बन्धविच्छेद गर्न ११ वटा मुद्दा परेका थिए। जसमा दुई जोडी त चिकित्सककै थिए। श्रीमान्-श्रीमती दुवै चिकित्सक भए पनि उनीहरूबीच सामान्य कुरामा विवाद भई आयोगमा उजुरी परेको आयोगकी प्रवक्ता मोहना अन्सारीले बताइन्। उनी भन्छिन्, 'श्रीमान्-श्रीमतीबीच यति ठूलो अविश्वासको खाडल बढेको छ कि साना-साना कुरा पनि सम्बन्धविच्छेदको स्तरमा गएर टुङ्गिने गरेका छन्।' उनको बुझाइमा घरको नेतृत्व कसको हुने, वैदेशिक रोजगार र सम्पत्तिमा स्वामित्वको दाबीजस्ता कुराले सम्बन्धमा दरार ल्याइरहेको छ।

परम्परागत मूल्य-मान्यतामा आएको परिवर्तन होस् वा सामाजिक चेतनामा वृद्धिका कारण नेपाली समाजमा सम्बन्धविच्छेदको सङ्ख्या बढ्दै गएको छ। केही वर्षअघिसम्म सम्बन्धविच्छेद अर्थात् पारपाचुके शब्दसमेत सुन्न नचाहने नेपाली समाजले अहिले सम्बन्धविच्छेद गर्नुलाई सामान्य ढङ्गले हेर्न थालेको छ। सामाजिक चेतना र स्वतन्त्रताको अनुभूतिका कारण नेपालमा पछिल्लो समय सम्बन्धविच्छेद गर्नेको सङ्ख्यामा वृद्धि भएको अनुमान गरिएको छ। हरेक वर्ष सयौँको सङ्ख्यामा सम्बन्धविच्छेद गर्नेको सङ्ख्या बढिरहेको तथ्याङ्कले नेपाली समाजको बदलिँदो अवस्थाको चित्रण गर्दछ।

नेपालको कानुनअनुसार स्वास्नीले लोग्नेलाई निजको मञ्जुरीबेगर लगातार तीन वर्ष वा सोभन्दा बढी समयदेखि छोडी अलग बसेको अवस्थामा सम्बन्धविच्छेद गर्न पाउँछ। यस्तै लोग्नेको ज्यान जाने, अङ्गभङ्ग हुने वा अरू कुनै ठूलो शारीरिक, मानसिक कष्ट हुने किसिमको काम वा जाल, प्रपञ्च गरेमा पनि सम्बन्धविच्छेद गर्न सकिने कानुनी प्रावधान छ। स्वास्नीलाई निको नहुने यौनसम्बन्धी कुनै रोग लागेमा पनि स्वास्नीसित लोग्नेले सम्बन्धविच्छेद गर्न पाउँछ।

यस्तै, व्यवस्था महिलाका लागि पनि छ। लोग्नेले अर्की स्वास्नी ल्याएमा वा राखेमा वा स्वास्नीलाई घरबाट निकालेमा वा खान, लाउन नदिएमा वा स्वास्नीको खोजखबर नलिई हेरविचार नराखी लगातार तीन वर्ष वा सोभन्दा बढी समयदेखि स्वास्नीलाई छोडी अलग बसेको अवस्थामा महिलाले सम्बन्धविच्छेद गर्न पाउने व्यवस्था छ। स्वास्नीको ज्यान जाने, अङ्गभङ्ग हुने वा अरू कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको काम वा जाल, प्रपञ्च गरेमा वा लोग्ने नपुङ्सक हुने भएमा पनि सम्बन्धविच्छेद हुन सक्छ। यसबाहेक दुवै थरीको मञ्जुरी भएमा लोग्ने-स्वास्नीको सम्बन्धविच्छेद गर्न सकिने प्रावधान कानुनमा छ।

सम्बन्धविच्छेदका लागि कानुनमा महिलालाई केही प्राथमिकता दिएको देखिए पनि व्यवहारमा भने पुरुषहरू पहिले सम्बन्धविच्छेदका लागि तयार देखिन्छन्। राष्ट्रिय महिला आयोगमा आएका उजुरीमध्ये सम्बन्धविच्छेद गर्न चाहने पुरुषको सङ्ख्या ७५ प्रतिशत र महिलाको सङ्ख्या २५ प्रतिशत छ। आयोगमा परेका उजुरीमध्ये ४० प्रतिशत मात्र सम्बन्धविच्छेदको प्रक्रियासम्म पुग्ने गरेका छन्। ६० प्रतिशत मुद्दा मिलापत्रमै टुङ्गिन्छ। यसरी मिलेर गएका मुद्दा पुनः समस्याका रूपमा आउने गरेको आयोगकी प्रवक्ता अन्सारी बताउँछिन्। 'मानाचामल भराउने सहमति गरेर गएको ६ महिनादेखि दुई वर्षभित्रै सम्बन्धविच्छेद गर्नुपऱ्यो भन्दै आउँछन्,' उनले सुनाइन्।

भनिन्छ, लोग्ने-स्वास्नीको सम्बन्ध जुनीजुनीका लागि हो। सम्बन्धविच्छेद हुनुको कारण विविध भए पनि परम्परागत मूल्य-मान्यतामा आएको परिवर्तन र नाता-सम्बन्ध कायम भएपछि श्रीमान्-श्रीमती सँगै नबस्नु यसका प्रमुख कारण बनेका छन्। समाजमा शिक्षाको स्तर बढेसँगै चेतनाको स्तर वृद्धि हुँदा अन्याय र अत्याचार सहेर बस्न नसक्ने भएकाले पनि सम्बन्धविच्छेद गर्नेको सङ्ख्या बढेको विश्लेषण गरिन्छ। समाजशास्त्री गणेश गुरुङ यो कुरा स्वीकार गर्दैनन्। उनी महिलाहरूमा आएको चेतना अभिवृद्धिका कारण पुरुषप्रधान समाजमा दबिएर बसेका महिलाले अधिकार खोजेको बताउँछन्। 'अबका महिला लोग्नेले जे गरे पनि सहेर बस्नुपर्छ भन्ने छैन। आफैं आत्मनिर्भर भएका महिलाले चेपुवामा परेको कुरा नसहँदा सम्बन्धविच्छेद बढेको हो। यो समाज परिवर्तनको सङ्केत हो,' गुरुङ भन्छन्।

*संचारिका फिचर सेवा*

*(शङ्कर इमेज च्यानलसँग आबद्ध पत्रकार हुन्।)*

## फिचर लेखका लागि अनुरोध

सञ्चारिका समूहले लैङ्गिक हिंसाविरुद्धको अभियानअन्तर्गत आरम्भ गरेको फिचर सेवा जारी छ । लैङ्गिक हिंसाको विभिन्न स्वरूपहरूमा केन्द्रित रहेर प्रकाशित हुने यस फिचर सेवा घरेलु हिंसामा केन्द्रित रहनेछ । जसमा हरेक महिना चारवटा फिचर लेख प्रकाशित हुनेछन् । फिचर सेवाका लागि कम्तीमा नौ सयदेखि एघार सय शब्दको फिचर पठाउन फिचर लेखकहरूलाई अनुरोध गर्दछौँ । प्रकाशित गर्न उपयुक्त ठानिएका लेखका लागि रु. ३,५००।- (तीन हजार पाँच सय रुपैयाँ) पारिश्रमिक प्रदान गरिनेछ । तर, प्राप्त फिचर प्रकाशित गर्ने वा नगर्ने अधिकार भने सञ्चारिका समूहमा निहित रहनेछ ।

विद्युतीय कपीका रूपमा यो फिचर सेवा मुलुकभरिबाट प्रकाशित हुने पत्रपत्रिका तथा एफएम रेडियोहरूका लागि निःशुल्क उपलब्ध गराइनेछ । फिचर प्राप्त नभएमा इमेल वा टेलिफोनमार्फत समूहको केन्द्रीय कार्यालयमा सम्पर्कका लागि आग्रह गर्दछौँ । फिचर प्रकाशित वा प्रसारित गर्दा साभार : सञ्चारिका समूह उल्लेख गरिदिन पनि अनुरोध गर्दछौँ ।

**घरेलु हिंसा विरुद्ध राष्ट्रिय सञ्जालका लागि साथी र सञ्चारिका समूहद्वारा प्रकाशित**

**सम्पर्क ठेगाना**

सञ्चारिका समूह, कुपण्डोल, ललितपुर
पोष्ट बक्स नं. : १३२९३, काठमाडौं
फोन नं. : ०१ ५५३०१९२, ०१ ५५५११८२
इमेल : sancharika@wlink.com.np
वेबसाइट : www.sancharika.org

**सल्लाहकार**
**निर्मला शर्मा**

**सम्पादन**
**नितु पण्डित**